**गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतार**
**कार्यप्रगति प्रतिवेदन**
**( २३ अगष्ट २०१३ देखि ३० जनवरी २०१४ सम्म)**
३१ जनवरी २०१४, शुक्रवार ।

यस दोश्रो राष्ट्रिय परिषद भेलाका आदरणीय सभापति महोदय,
प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यहरू, अतिथि ज्यूहरु, उपस्थित परिषद सदस्य ज्यूहरु, पर्यवेक्षक तथा पत्रकार मित्रहरु ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार मध्यपूर्वकै पहिलो राष्ट्रिय समन्वय परिषद् हो । हाल विश्वभर छरिएर रहेका विभिन्न पेशा र व्यवसायमा आबद्ध नेपालीहरुको साझा सञ्जालको रुपमा यस संघ अन्तर्गत ६६ राष्ट्रहरुमा राष्ट्रिय समन्वय परिषदहरु गठन भई सकेका छन । कतारको हकमा पनि विभिन्न पेशा र व्यवसायमा आवद्ध गैरआवासीय नेपालीहरुको संयुक्त प्रयासबाट १२ डिसेम्बर २००३ मा स्थापित गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार आज स्थापनाको एक दशक "A Decade Establishment" मनाइरहेकोछ । हाल १६२८ जना पंजिकृत सदस्यहरु रहेको यस परिषद्मा २७ सदस्यि कार्यसमितिले आफ्नो कार्य सम्पादन गर्दै आइरहेकोछ ।

गत अगष्ट २३, २०१३ शुक्रवारका दिन तत्कालिन नेपाली नियोग प्रमुख महामहिम राजदुत डा. मायाकुमारी शर्मा ज्यूको प्रमुख आतिथ्यता तथा आइसीसीका तत्कालिन पदाधिकारीहरु उपाध्यक्ष श्री रामेश्वर शाह, महासचिव श्री तेन्जि शेर्पा, सचिव श्री टि. बि. कार्की, मध्यपुर्व संयोजक श्री नरेन्द्र भाट, बर्तमान अध्यक्ष श्री शेष घले लगायतका विशिष्ट व्यक्तित्वहरुको समुपस्थितीमा पाँचौ राष्ट्रिय महाधिवेशन सम्पन्न भएको थियो भने ६ सेप्टेम्बर २०१३ मा सोहि महाधिवेशनको निर्वाचन शत्र नेपाली दुतावासमा सम्पन्न भएको थियो । उक्त महाधिवेशनद्धारा श्री मक्सुद आलम ज्यूको नेतृत्वमा निर्वाचित नयाँ कार्यसमितिले ११ सेप्टेम्बर २०१३ मा निर्वाचन समिति संयोजक श्री कमलमणी गुरगाँई ज्यूबाट शपथ ग्रहण तथा निवर्तमान अध्यक्ष श्री अमृत गुरुङ ज्यूबाट पदभार ग्रहण गरे लगत्तै आफ्नो जिम्मेवारी र दायित्वलाई आत्मसाथ गर्दै कार्य शुभारम्भ गरेको थियो । पाँचौ राष्ट्रिय महाधिवेशनले पारित गरेको १२ बुंदे घोषण पत्रको मर्मको आधारमा तयार गरिएका कार्ययोजनालाई आज यसै सम्मानित भेलामा केहि समय पश्चात प्रस्तुत गर्ने र भेलाको अनुमोदन सहित आगामी कार्यहरु अगाडी बढाउने कार्यसमितिको योजना रहेको समेत जानकारी गराउदै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको महासचिवको हैसियतले गत ११ सेप्टेम्बर २०१३ देखि हाल सम्म भएका संस्थाका गतिविधिहरुको संक्षिप्त विवरणलाई कार्यप्रगति प्रतिवेदनको रुपमा गत जनवरी २३ तारिखका दिन वसेको कार्यसमितिको तेश्रो बैठकको अनुमोदन सहित यस सम्मानित परिषद् भेलामा उपस्थित परिषद् सदस्यज्यूहरु समक्ष प्रस्तुत गर्ने अनुमती चाहान्छु । यो प्रतिवेदनमा संस्थाले गरेका सम्पूर्ण गतिविधिहरुलाई संक्षेपिकरण गरेर तयार गर्ने प्रयास गरिएकोछ । तथापी तयारी तथा प्रस्तुतिको क्रममा कुनै कमिकमजोरी वा भाषिक त्रुटिहरु भएको पाइएमा यहाँहरुको आवश्यक सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

**सभापति महोदय तथा परिषद् सदस्य ज्यूहरु,**

यस कार्यकालमा हाल सम्म ३ वटा कार्यसमिति बैठक, ४ वटा सचिवालय बैठक बसि आवाश्यक निर्णयहरु गरिएको छ । अन्य समयमा आवाश्यकता अनुसार अनौपचारिक भेटघाट तथा संचार गरि छलफलहरु गर्दै संस्थाका गतिविधिहरुलाई निरन्तरता दिइएकोछ । अन्य कार्य तथा गतिविधिहरु यस प्रकार छन् ।

- १३ सेप्टेम्बर २०१३मा सम्पन्न कार्यसमितिको पहिलो बैठकबाट पाँचौ राष्ट्रिय महाधिवेशन सफल बनाउन भूमिका निर्वाह गर्ने तथा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरिएको थियो ।
- सोहि बैठकबाट अध्यक्ष, उपाध्यक्षद्धय, महासचिव, सचिव, कोषध्यक्ष तथा सदस्यहरु प्रेम सिटौला, छविरमण कटुवाल र टेकनाथ बराल सम्मिलत सचिवालय गठन गरिएको थियो ।
- सोहि बैठकले संस्थाका गतिविधिहरुलाई थप मर्यादित तथा व्यवस्थित ढंगले संचालन गर्न सहयोगी हुने विश्वासका साथ कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरुमा तत्कालैबाट लागुहुने गरि आचार संहिता लागु गरिएको थियो ।
- १५ सेप्टेम्बर २०१३ मा दुतावासमा संघको नव निर्वाचित कार्यसमितिले तत्कालिन महामहिम राजदुत डा. मायकुमारी शर्मा सँग परिचयात्मक भेट गरि धन्यवाद ज्ञापन गर्दै नवनिर्वाचित कार्यमितिको विवरण दुतावासमा जानकारी गराएको थियो ।

- २२ सेप्टेम्बरका दुतावासमा दिन हमद अस्पतालका बरिष्ठ चिकित्सक डा. राफेल सँग दुतावासमा नियोग उप प्रमुख श्री गणेश प्रसाद ढकाल सहित एनसीसी अध्यक्षको टोलिले नेपालीहरुको अस्वभाविक निधन हुनुका कारणहरुबारेमा छलफल गरेका थियो ।
- चाड पर्वहरु नजिकिदै गएको अवस्थामा मनोरञ्जन गर्ने क्रममा चेतनाको अभावमा गरिने गतिविधिबाट घट्न सक्ने दुर्घटनाहरुलाई न्युनिकरण गर्न एनसीसीको तर्फबाट चेतनामुलक जानकारी तथा सुचनाहरु संप्रेषण गरिएको थियो ।
- गार्जियन समाचार एजेन्सीद्धारा नेपाली कामदारलाई लक्षित गरि प्रसारण गरेको समाचारको वारेमा ३० सेप्टेम्वर २०१३ का दिन गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषदको नेतृत्वमा तत्कालिन मध्यपुर्व संयोजक, आईसिसिका पुर्व उपाध्यक्ष, सल्लाहकार, कानुनी सल्लाहकार, पत्रकारहरुको टोलीले कतार सरकारको आन्तरिक मामिला मन्त्रलय, मानव अधिकार विभागका डाईरेक्टर अव्दुल्लाह साकर अलमोहवुत सँग भेट गरि समस्याहरुको वारेमा अन्तकृया गरेको थियो ।
- ३ अक्टोबर २०१३,मा यू १९ए एफसी छनौट खेल खेल्न कतार आएको नेपालको यु १९ टोलिका खेलाडि तथा व्यवस्थापक टोलिलाई एक कार्यकमको आयेजना गरि स्वागत गर्नुका साथै नेपाली टोलीको प्रतिष्पर्धा रहेका खेलमा दर्शक उपस्थित गराउदै खेलाडीहरुलाई हौसला प्रदान गर्न समन्वय गरेको थियो ।
- नेपालीहरुका महत्वपुर्ण पर्वहरु बडा दशै, बक्र इद, दिपावली तथा छठ पर्व २०१३को उपलक्षमा १५ अक्टोबर २०१३मा एनसीसीका कार्यबहाक अध्यक्ष श्री शुकबहादुर तामाङको सभापतित्व तथा नेपाली दुतावासका कार्यबहाक राजदुत श्री गणेश प्रसाद ढकाल ज्यूको प्रमुख आतिथ्यतामा शुभकामना आदान प्रदान कार्यकम आयोजना गरिएको थियो ।
- अक्टोबर १५ तारिक मा कतारको नर्थ सेक्यूरिटि डिपार्टमेन्ट तथा पब्लिक रिलेसन डिपार्टमेन्टको आयोजनामा आप्रवासीहरुका लागि आयोजित "इदका चाँद" नामक इभेन्टमा ३० जना स्वयंसेवक तथा १६जना कलाकारहरुको टोली तथा व्यापक नेपाली दर्शकहरु सहित सहभागिता जनाइएको थियो ।
- १९ देखि २२ अक्टोबर सम्म काठमाडौमा सम्पन्न गैरआवासीय नेपाली संघको अन्तराष्ट्रिय महाधिवेशन तथा छैठौ विश्व सम्मेलनमा कतारबाट १०४ जना सदस्यहरुको सहभागिता रहेको थियो । जसमा एनसीसी कतारको तर्फबाट २०११-२०१३ कार्यकालका प्रमुख गतिविधिहरु तथा कतारबासी नेपालीहरुका आइसीसी सँग रहेका अपेक्षाहरु सहितको विवरण प्रस्तुत गरिएको थियो । सोहि महधिवेशनबाट अन्तराष्ट्रिय समन्वय परिषद्मा कतारबाट श्री टि. बि. कार्की उपाध्यक्ष पदमा तथा श्री पुर्ण के. सि. मध्यपुर्व क्षेत्रिय उप-संयोजकमा निर्वाचित हुनुभएको थियो ।
- विश्व सम्मेलन सहभागिताको अवसरमा अक्टोबर २३ का दिन श्रमिक कल्याणका क्षेत्रमा एनसीसी कतारसँग सहकार्य गरिरहेको संस्था पि एन सी सी सँग काठमाडौमा बैठक गरि छलफल गरिएको थियो ।
- २४ अक्टोबर तथा २६अक्टोबरमा कतारको महिला फुटबल टिमसँग मैत्रिपुर्ण खेल खेल्नको लागि कतार आईपुगेको नेपाली महिला फुटबल खेलाडीहरुलाई खेलमैदानमा व्यापक हौसला प्रदान गर्नुका साथै एक कार्यकमको आयोजना गरि जितको खुशियालीमा बधाई सहित विदाई गरिएको थियो ।
- ४ नाभेम्बर २०१३ मा एनसिसिको संयोजकत्वमा नेपाली दुतावास कतारको प्राङ्गणमा सामुहिक देउसी भैलो कार्यक्रमको आयोजना गरिएको थियो । देउसी भैलो कार्यक्रम एनसीसीका कार्यबहाक अध्यक्ष श्री कुमार कार्कीको सभापतित्व तथा नेपाली दुतावासका कार्यबाहक राजदुत श्री गणेश प्रसाद ढकाल ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो अवसरमा विभिन्न २०वटा संघ संस्थाहरुले संयुक्त रुपमा ध्यौसी खेलेका थिए ।
- १० नोभेम्बर २०१३ मा सम्पन्न सचिवालयको दोश्रो बैठकले निर्णय गरि नव निर्वाचित आइसीसी अध्यक्ष ज्यू तथा पदाधिकारीहरुलाई बधाई सहित एनआरएन अन्तराष्ट्रिय सम्मेलनले गरेको विधान संसोधन तथा आइसीसीबाट पहल गरिनु पर्ने कतारका समस्याहरुको बारेमा जानकारी पठाई समाधानको लागि अनुरोध गरिएको थियो ।
- २२ नोभेम्बर २०१३मा अध्यक्ष श्री मक्सुद आलमको अध्यक्षतामा सम्पन्न एनसीसीको दोश्रो पुर्ण बैठकले तपसिल बमोजिमको सल्लाहकार समिति गठन गरेको थियो ।

  १. सल्लाहकार संयोजक : श्री अमृतबहादुर गुरुङ
  २. सल्लाहकार सदस्य : श्री बिलबहादुर गुरुङ
  ३. सल्लाहकार सलस्य : श्री गुरुनारायण रानाभाट
  ४. सल्लाहकार सदस्य : श्री क्रान्ति सिंह
  ५. सल्लाहकार सदस्य : श्री दिलकिरण खजुम
  ६. सल्लाहकार सदस्य : श्री बिमल सुबेदी
  ७. सल्लाहकार सदस्य : श्री बिनेश तामाङ
  ८. सल्लाहकार सदस्य : श्री भिम घले
  ९. सल्लाहकार सदस्य : श्री करमि बख्स मिया
  १०.सल्लाहकार सदस्य : श्री आर के शर्मा
  ११. सल्लाहकार सदस्य: श्री ई. रबिकान्त लाल

- सोहि बैठकले संघका आगामी गतिविधिहरुलाई प्रभावकारी ढंगले अगाडी बढाउने उद्देश्यले तपसिल बमोजिका विभिन्न उपसमितिहरु गठन गरि संयोजकहरु तोकेको थियो भने समितिका सदस्यहरु सिफरिस गर्ने जिम्मेबारी संयोजकहरुलाई दिइएको थियो ।

| क्र.सं | समिति | संयोजक |
|---|---|---|
| १. | संघ संस्था समन्वय समिति | प्रथम उपाध्यक्ष : श्री कुमार कार्की |
| २. | कला तथा संस्कृति संयोजन समिति | द्वित्तीय उपाध्यक्ष : श्री शुकबहादुर तामाङ |
| ३. | प्रचार प्रसार तथा जन सम्पर्क समिति | महासचिव : श्री बिनोद भट्टराई |
| ४. | आर्थिक समिति | कोषाध्यक्ष : श्री द्रोणबहादुर बस्नेत |
| ५. | खेलकुद तथा अतिरिक्त क्रियाकलाप समिति | सदस्यः श्री गोपबहादुर सुनार |
| ६. | सामुहिक लगानी तथा पर्यटन प्रबद्धन समिति | सदस्य : श्री ई. नन्द गर्बुजा |
| ६. | सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण समिति | सदस्य : श्री चिन्तामणी पौडेल |
| ८. | सूरक्षा तथा जनचेतना अभिवृद्धि समिति | सदस्य : श्री मुख्तार आलम |
| ९. | साहित्य तथा प्रकाशन समिति | सदस्य : श्री केशरबहादुर सुनुवार |
| १०. | निर्देशिका संसोधन समिति | सल्लाहकार : श्री बिलबहादुर गुरुङ |
| ११. | अनुशासन तथा अनुगमन समिति | परिषद् भेला बाट तोक्ने |
| १२. | लेखा समिति | परिषद् भेला बाट तोक्ने |

- उक्त बैठकले दोश्रो बैठकले आइसीसी मध्यपुर्व क्षेत्रिय संयोजक श्री चन्द्र रोकाहको अनुरोध बमोजिम निवर्तमान अध्यक्ष श्री अमृत गुरुङलाई आइसीसी को-अप्ट मेम्मबर मनोनयनको लागि सिफारिस गर्ने निर्णय समेत गरेको थियो । आइसीसी पदाधिकारीहरुको २५ जनवरी २०१४मा सम्पन्न बैठकले उहाँको नाम निर्णय गरि आइसीसीको ४१ औ बैठकलाई अनुमोदनको लागि पठाएको जानकारी प्राप्त भइसकेकेोछ । उक्त पदमा मनोनय हुनुभएकोमा श्री अमृत गुरुङलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै त्यसकोलागि पहल गर्नुहुने सबैमा आभार व्यक्त गर्दछौं ।
- अघिल्लो कार्यकाल देखि नै आपसी समझदारी गरि सहयोग आदान प्रदान भइरहेको कतारको प्रतिष्ठित स्पोटस् क्लब अलअरबी स्पोटस् क्लब सँग यस पटक पनि समझादारी गरि विभिन्न खेल गतिविधिहरु संचालन गरिएकोछ ।
- १५ नोभेम्बर २०१३ का दिन एम्नेस्टि इन्टरनेस्नलका सेक्रेटरी जनरल सहितको टोलि सँग कतारका श्रमिकहरुको अवस्था तथा सुरक्षित आप्रवासनका बिषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।
- साझा संस्थाको रुपमा कतारमा स्थापित संघ संस्थाहरु सँगको समन्वय र सहकार्य विभिन्न चरण बाट शुरु गरिसकेकोछ । यस क्रममा २१ नोभेम्बरमा कतारमा स्थापित संघ संस्थाहरुका प्रतिनिधिहरु सँग आगामी कार्यक्रमहरु बिषेश गरि नेपाली समुदायको प्रतिष्ठा जोडिएका कार्यक्रमहरुमा सहकार्य गर्ने बिषयमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । सोहि अनुसार अल अरबी स्पोर्टस क्लबका खेलहरुमा दर्शक उपस्थित गराउने, कतार राष्ट्रिय दिवस समारोहमा सहभागिता जनाउने तथा स्वास्थ्य शिविरमा नेपालीहरुलाई सहभागि गराउने कार्यमा संघ संस्थाहरुको उल्लेख्य सहयोग प्राप्त भएको थियो । त्यसको लागि सम्पूर्ण सहयोगि संघ संस्थाहरु प्रति एनआरएनए एनसीसी कतार धन्यवाद ज्ञापन गर्दछ ।
- अलअरबि क्लबको स्टेडियममा ३० नोभेम्बर २०१३ र ५ डिसेम्बर २०१३का दिन भएका खेलमा दर्शक उपस्थित गराउनुका साथै एनसीसीले कतारमा स्थापित नेपाली संघ संस्थाका प्रतिनिधिहरु सम्मिलित टिम सँग मैत्रिपूर्ण फुटबल खेल खेलेको थियो ।
- विश्व कप क्रिकेटमा पुग्न सफल नेपाली टोलिलाई व्यवसायी तथा एनसीसी सल्लाहकार आर के शर्मा द्धारा १५० हजार दिने घोषणा गर्नु भएको थियो सो रकम ९ जनवरी २०१४का दिन एनसीसीलाई हस्तान्तरण गर्नुभएकोछ भने एनसीसीले आइसीसी मार्फत हस्तान्तरण गरिनेछ ।
- किरात राई, याख्थुङवा (लिम्बु), सुनुवार जातीहरुले परंपरा देखि मनाउदै आएका राष्ट्रिय पर्व उधौलि तथा किरात सम्बत ५०७३ र भुजेल जातिको भुजेली पर्वको अवसरमा १६ डिसेम्बर २०१३ का दिन अध्यक्ष मक्सुद आलमको अध्यक्षतामा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरि मनाइएको थियो थियो ।
- कतार राष्ट्रिय दिवस २०१३ को अवसरमा कतार सरकारको आन्तरिक मामिला मन्त्रालय जन सम्पर्क विभागको आयोजनामा १८ डिसेम्बर २०१३ मा अलखोर स्टेडियममा आयोजित "नेस्नल डे" समारोहमा नेपाली समुदायको तर्फबाट समन्वय तथा व्यवस्थापन एनआरएनए एनसीसी कतारले गरेको थियो । त्यस अवसरमा नेपाली परंपरा झल्कने १० सांस्कृतिक प्रस्तुति, १० सांगितिक प्रस्तती प्रस्तुत गरिनुका साथै करिब ४ दर्जन सामाजिक अगुवाहरुले समारोह व्यवस्थापनमा भुमिका निर्वाह गर्नुभएको थियो । सो समारोहमा विभिन्न संघ संस्था तथा समुदायको सहयोगमा हजारौ

नेपाली दर्शकहरु सहित व्यापक सहभागिता जनाइएको थियो । सोहि अवसरमा आयोजित अन्तर समुदाय फुटबल खेलमा नेपाली समुदायको तर्फबाट खेलेको एनआरएनए एनसीसीको टिमले अलखोर समुदाय विरुद्ध ९-० को फराकिलो अन्तरले विजयी हाँसिल गरेको थियो ।

- ४ जनवरी २०१४का दिन कतारमा रहनुभएका आइसीसी उपाध्यक्ष तथा मध्यपुर्व क्षेत्रिय उप-संयोजक ज्यू सँग सचिवालयको टोलीले आपसी समन्वय अझ बढाउदै लैजाने बिषयमा अनौपचारिक छलफल गरेको थियो ।
- ९ जनवरी २०१४का दिन अध्यक्ष श्री मक्सुद आलमको अध्यक्षता तथा आइसीसी उपाध्यक्ष श्री टि. बि. कार्की ज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय पर्वहरु तमु ल्होसार, २८५० सोनाम ल्होछार, ग्याल्बो ल्होछार तथा माघि पर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरिएको थियो । सोहि कार्यक्रममा गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद्मा कतारबाट निर्वाचित उपाध्यक्ष श्री टि. बि. कार्की तथा मध्यपुर्व क्षेत्रिय उप संयोजकमा निर्विरोध निर्वाचित श्री पुर्ण के. सी. ज्यूलाई बधाई पत्र द्धारा अभिनन्दन गरि कार्य सफलताको शुभकामना दिइएको थियो । त्यहि समारोहमा कतार राष्ट्रिय दिवसको उपलक्षमा सांगितिक प्रस्तुति गर्ने गायकहरु, सांस्कृतिक प्रस्तुति गर्ने संस्थाहरु, फुटबल खेलमा एनसीसीको टिमबाट खेलेर बिजयी गराउने खेलाडीहरु तथा इदका चाँद कार्यक्रमा प्रस्तुति देखाउने कलाकारहरुलाई पुरस्कार तथा प्रशंसा पत्र वितरण गरिएको थियो । त्यसै गरि सांस्कृतिक तथा सांगितिक कार्यक्रमका संयोजकद्धय श्री बिनेस तामाङ तथा श्री बिमल गुरुङ ज्यूलाई समेत सोहि अवसरमा मायाको चिनो तथा प्रशंसा पत्र पत्र प्रदान गरिएको थियो ।
- १० जनवरी २०१४का दिन एट्लास पोलि क्लिनिकको सहयोगमा निःशुल्क मेडिकल शिविर आयोजना गरिएको थियो भने सो शिविरबाट ८०० सर्व साधरणले सेवा लिएका थिए । सो अवसरमा आइसीसी उपाध्यक्ष श्री टि. बि. कार्की, सल्लाहकार संयोजक श्री अमृत गुरुङ, सल्लाहकारहरु दिल किरण खजुम, बिमल सुबेदी, बिनेश तामाङ, एनसीसीका पदाधिकारीहरु लगायत विभिन्न संघ संस्थाका प्रमुख तथा नेपाली समुदायका अगुवाहरुले समेत समुपस्थित भएर स्वास्थ्य परिक्षण गराउनुभएको थियो ।
- एनआरएनए एनसीसी कतारले विगत बर्षहरु देखि नै कतारमा तमु सांस्कृतिक परिवारले आयोजना गर्दै आएको नेपाली सांगितिक क्षेत्रको महत्वपूर्ण कार्यक्रम नेपाली सांगितिक मेला अन्तर्गतको यस बर्षको **"गैरआवासीय नेपाली तारा"** उपाधि पुरस्कार सहयोग गरि सांगितक कार्यक्रममा सहभागिता जनाएकोछ ।
- गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्को ४० औ बैठकले एनआरएन अभियानका अग्रज अभियन्ता कतारबासी श्री देव काजी डंगोल तथा एनसीसी पुर्व अध्यक्ष तथा निवर्तमान मध्यपुर्व संयोजक श्री नरेन्द्र भाट लाई आइसीसीको गरिमामय सल्लाहकारमा मनोनयन गरेको थियो । यस अवसरमा उहाँहरुलाई एनसीसीको तेश्रो पुर्ण बैठकले बधाई प्रस्ताव पारित गर्दै बधाई तथा कार्य सफलताको शुभकामना ज्ञापन गरिएको थियो ।
- संस्थाका आफ्ना गतिविधिहरुलाई प्रविधिको माध्यामबाट पारदर्शि रुपमा अद्यावधिक गर्न तथा महाधिवेशनबाट कार्यसमिति चयनमा हुने गरेको व्यवहारिक कठिनाईहरुलाई समाधान गर्ने लक्ष्य सहित वेभ साइट तथा अनललाई सदस्यता आवेदन तथा अनलाईन मतादान गन, सकिने सफ्टवेर निर्माणको कार्यलाई अगाडी बढाइएकोछ । जस अर्न्तगत वेभ साइट तयार भई आज यसै कार्यक्रममा उद्घाटन भइसकेकोछ भने सफ्टवेर निर्माणको क्रममाछ ।

## सहयोग, राहात तथा कल्याणकारी कार्यहरु

- ११ सेप्टेम्बर २०१३ मा नुवाकोट जिल्ला स्थाई ठेगाना भएका सयेला तामाङलाइ कम्पनीले भनिएको पारिश्रमिक तथा घर फर्कने हवाई टिकट समेत नदिएको अवस्थामा सम्पर्कमा आए पछि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको तर्फबाट श्री मक्सुद आलम ज्यूले कानूनी प्रकृया पुरा गराई सी.आई. डी. मार्फत नेपाल पठाई सहयोग गर्नु भएको थियो ।
- १५ सेप्टेम्बरका दिन दुतावासमा परिचयात्मक भेटघाट सम्पन्न गरेपछि नँया कार्यकालको शुरुवाती कार्यकोरुपमा दुतावासमा रहेका पिडितहरुलाई खाद्यान्न वितरण गरिएको थियो ।
- ०९ अक्टोबर २०१३ मा सोलुखुम्बुका सन्त बाहादुर राइ (पासपोर्ट नम्बर ०५६८९०२६०) लाइ कम्पनीले पारिश्रमिक नदिएको तथा घर फर्कनि हवाई टिकट समेत उपलब्ध नभएको हुदा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको तर्फबाट अध्यक्ष श्री मक्सुद आलम ज्यूले टिकट उपलब्ध गराई सि आइ डि मार्फत नेपाल पठाउनुभएकोछ ।
- २२ नोभेम्बर २०१३मा म्याग्दीका शरण कुमार घलान (पासपोर्ट नम्बर ५३४०१७२०) लाइ कम्पनीले पारिश्रमिक तथा घर फर्कने हवाई टिकट समेत नदिएको अवस्थामा सम्पर्कमा आएपछि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको तर्फबाट अध्यक्ष श्री मक्सुद आलम ज्यूले आवाश्यक कानूनी प्रकृया पुरा गराई सी. आइ. डी. मार्फत नेपाल पठाउन सहयोग गर्नुभएको थियो ।

- २२ डिसेम्बर २०१३ मा सोलुखुम्बुका आशिस राई (पासपोर्ट नम्बर ०५६८४६१४०) लाइ कम्पनीले पारिश्रमिक नदिएको तथा घर फर्कने हवाई टिकट समेत नदिएको अवस्थामा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको तर्फबाट अध्यक्ष श्री मक्सुद आलम ज्यूले टिकट उपलब्ध गराई नेपाल पठाउनुभएकोछ ।
- ३१ डिसेम्बर २०१३मा सिरहाका घुरन पण्डित (पासपोर्ट नम्बर ३३७५६७४०) लाइ कम्पनीले पारिश्रमिक तथा घर फर्कने हवाई टिकट समेत नदिएको अवस्थामा सम्पर्कमा आएपछि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको तर्फबाट अध्यक्ष श्री मक्सुद आलम ज्यूले अदालतको प्रकृयामा आवश्यक सहयोग गरी नेपाल पठाउनुभएकोछ ।
- प्यूठान सेवा समाजको अनुरोधमा सडक दुर्घटनामा परेका प्युठानका एक पीडितलाइ न्याय दिलाउन सहयोग जारीछ ।
- त्यसै गरि धनुषा जिल्लाका साबिर राइन लाइ स्पोन्सरले झुठो आरोप लगाई मुद्दा हालेको अवस्थामा सम्पर्कमा आए पछि एनसीसी कतारको तर्फबाट अध्यक्ष श्री मक्सुद आलम ज्यूले आवश्यक कानुनी सहयोग गरिरहनुभएकोछ ।
- धनुषा बल्हागोठ गा. बि. स.का अजिज आलम आइ डि कार्ड नभएको अवस्थामा बिरामी भएक र उपचार गर्न समेत नपाइरहेकोअवस्थामा सम्पर्कमा आए पछि एनसीसीको तर्फबाट अध्यक्ष ज्यूले हमद मेडीकल होस्पिटलमा उपचारको लागि भर्ना गरी सहयोग गर्नुभएको थियो ।
- अलजाबर कम्पनीमा कार्यरत भई ३ डिसेम्बरमा आकस्मिक निधन भएका खार्मि ८, खोटाङका प्रेम तामाङको शव पठाउने कार्यमा सुरक्षित आप्रवासन समितिका संयोजक चिन्तामणि पौडेल जीले समन्वय गर्नु भएको थियो सो शव १ जनवरी १४ का दिन नेपाल गइसकेकोछ ।

त्यसै गरि एनसीसीमा आएका नेपालीहरुका विभिन्न समस्याहरुको समाधानको लागि संयोजक चिन्तामणि पौडेल, सल्लाहकार गुरुनारायण रानाभाट, उपाध्यक्ष शुक बा. तामाङ तथा अध्यक्ष मक्सुद आलम लगायत कार्यसमितिका सदस्यहरु निरन्तर परामर्स तथा सहयोगमा जुटिरहेको जानकारी यस सम्मानित भेलामा गराउन चाहान्छु । केहि दिन पहिला मात्र अन्य समितिहरु सँगै सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण समितिले पनि पुर्णता पाइसकेकोले आगामी दिनहरुमा यो क्रम अझ विस्तारित रुपमा अघि बढ्ने विश्वास लिइएकोछ ।

त्यसै गरि यस अवधिमा संघमा प्राप्त निवेदनहरुका आधारमा निम्न बमोजिम सहयोगहरु प्रदान गरिएको थियो ।

- कास्कि आदर्श सेवा समाज कतारको अनुरोधमा कास्किका मृतक यामबहादुर रानाको परिवारलाई क. रि. ५०० तथा स्याङजा सहयोग समाजको अनुरोधमा स्याङजाका मृतकद्धय बलमाटा ७ का खड्गबहादुर सुनार र फापरथुम ६का सुवुर बिन मियाका परिवारलाई क. रि. ५००/५०० आर्थिक सहयोग प्रदान गरिएको थियो ।
- दुतावासले अनुरोध गरेको समयमा त्यहा आश्रय लिइरहेका पिडितहरुलाई खाधन्न सहयोग गर्ने गरिएकोछ ।

यसरी संघले कार्यभार सम्हालेको करिब पाँच महिनाको अवधिमा सम्बन्धित पक्षहरुसँग समन्वय गर्दै संस्थाको लक्ष्य र उद्देश्य प्राप्तीको लागि अधिकतम प्रयास गरिरहेको जानकारी यस सम्मानित भेलामा गराउदछु ।
अन्त्यमा संघलाई सदैव सहयोग गर्ने नेपाली राजदुतावास परिवार, एनआरएन-आईसीसी पदाधिकारीहरु, सल्लाहकार समिति, कतारमा स्थापित सम्पूर्ण नेपाली संघ संस्थाहरु, परिषद् सदस्य ज्यूहरु, बुद्धीजिवीहरु, पत्रकार मित्रहरु र कतारमा कार्यरत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा सहित यस प्रतिवेदन माथि गहन छलफल गरि यसलाई पारित गरिदिनुहुन पनि यस सम्मानित राष्ट्रिय परिषद भेलालाई हार्दिक अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

बिनोदप्रसाद भट्टराई
महासचिव,
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार ।